मा. खडक राज पौडेल 'गनेस'
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार

सिंहदरबार, काठमाडौं, नेपाल ।
फोन नं.: +९७७-१-४२११८७९

पत्र संख्याः
चलानी नं.

## अन्तर्राष्ट्रिय आरोग्य दिवसको शुभकामना

प्रथम अन्तर्राष्ट्रिय आरोग्य दिवसको ऐतिहासिक अवसरमा सम्पूर्ण आरोग्यप्रेमी महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपालको एकल प्रस्तावमा संयुक्त राष्ट्र संघको महासभाबाट सन् २०२६, मार्च १० मा हरेक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने प्रस्ताव पारित भएपश्चात विश्वभर यो दिवस मनाउने अवसर प्राप्त भएको छ । उक्त प्रस्ताव पारित गर्ने प्रक्रियामा सहयोग र समर्थन जनाउनुहुने मित्रराष्ट्र एवं सम्बद्ध सबैलाई नेपाल सरकारको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

हरेक कार्तिक कृष्ण त्रयोदशीमा मनाइने धन्वन्तरी जयन्तीलाई राष्ट्रिय आरोग्य दिवसको रूपमा मनाउन थालिएको सन्दर्भ आज विश्वभर अन्तर्राष्ट्रिय आरोग्य दिवसको रूपमा विस्तार भएको छ। यस दिवसले विश्वभरका मानिसहरूलाई स्वस्थ जीवनशैली अपनाउन, मानसिक स्वास्थ्यको संरक्षण गर्न, प्रकृतिसँग सन्तुलित जीवन बिताउन तथा सामाजिक सद्भावलाई बलियो बनाउन प्रेरित गर्ने सन्देश प्रवाह गर्ने विश्वास लिएको छु।

पशुपतिनाथ, लुम्बिनी, जनकपुरधामदेखि हिमालयमा अवस्थित मुक्तिनाथसम्म फैलिएको हाम्रो आध्यात्मिक सम्पदा, बहुधार्मिक तथा बहुसांस्कृतिक परम्परा, भौगोलिक विविधता र प्राकृतिक सौन्दर्य हाम्रो जीवित सभ्यताका सशक्त सेतुहरू हुन्। मौलिकता, आयुर्वेद, योग, ध्यान र प्राकृतिक चिकित्सा- यी सबैलाई जीवनशैलीकै रूपमा अभ्यास गर्ने हाम्रो मुलुक केवल संसारको छाना (roof of the world) मात्र होइन, यो आत्माको बाल्कोनी (balcony of the soul) पनि हो । यो मन, मस्तिष्क, शरीर र आत्मालाई कायाकल्प गर्ने चित्तशुद्धिको थलो पनि हो । यी अद्वितीय आयामहरूको माध्यमबाट अद्भुत आरोग्यमय जीवनको अनुभूति गर्न सम्पूर्ण विश्वसमुदायलाई नेपालमा हार्दिक आमन्त्रण गर्दछु।

सन् २०२७ लाई राष्ट्रिय आरोग्य वर्ष (Nepal Wellness Year) को रुपमा मनाउने गरी कार्यक्रम तय गरिएको छ। आरोग्य पर्यटनलाई आर्थिक रुपान्तरणको राष्ट्रिय एजेण्डाको रूपमा उजागर गरिएको छ। यसलाई वास्तविक अर्थमा सफल बनाउन सम्पूर्ण मित्र राष्ट्रहरू, विश्वसमुदाय, राज्यका सबै निकाय, निजी क्षेत्र, शैक्षिक संस्था, सञ्चार जगत तथा सम्बद्ध सबै सरोकारवालाहरूलाई सहयोग, सहकार्य, समन्वय र सद्भाव अभिवृद्धिका लागि हार्दिक अपिल गर्दछु।

अन्त्यमा, यहाँहरू सबैको व्यक्तिगत स्वास्थ्य, खुशी, जागरूकता, आरोग्यता तथा समग्र कल्याणमा यो दिवस फलदायी रहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।
भवतु सब्ब मंगलम् !!
मितिः २०८३/०१/०२ (अप्रिल १५, २०२६)
ने.सं. ११४६, चौलागा ।

(खडक राज पौडेल 'गनेस')
मन्त्री